जहाँ छ मेरो जनमभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक २७० • २०८३ श्रावण ४ गते सोमवार • 20 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## मधेस प्रदेश सरकारद्वारा उत्पादनशील क्षेत्रको विस्तार, औद्योगिकीकरण र लगानी प्रवर्द्धनमा जोड

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ३ श्रावण



कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदानलाई वृद्धि गर्न प्रदेश सरकारले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि तथा निजी क्षेत्रको लगानी प्रोत्साहनलाई प्राथमिकतामा उच्च प्राथमिकतामा राखेर तदनुरुप कार्यारम्भ गरेको छ।

प्राकृतिक स्रोत, उर्वर कृषि भूमि, प्रशस्त श्रमशक्ति तथा सीमापार व्यापारको पर्याप्त सम्भावना हुँदाहुँदै पनि प्रदेशको आर्थिक क्षमता पूर्ण रूपमा उपयोग हुन नसकेको निष्कर्षसहित सरकारले उत्पादनशील क्षेत्रको विस्तार, औद्योगिकीकरण र लगानी प्रवर्द्धनका कार्यक्रम अघि बढाएको हो । मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले प्रदेशको जिडिपी बढाउन उत्पादनशील क्षेत्रको विस्तारसँगै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको बताए। "प्रदेशमा उद्योग, व्यापार र सेवा क्षेत्रमा लगानी बढाउन हामीले प्राथमिकता दिएका छौँ," उनले भने, "गत आर्थिक वर्ष २०८२/८३ मा लगानी सम्मेलनका लागि बजेट विनियोजन भए पनि विभिन्न कारणले आयोजना गर्न सकिएन । उद्योग-व्यवसायमा पर्याप्त लगानी भित्र्याउन नसकेसम्म प्रदेशको जिडिपी उल्लेखनीय रूपमा बढाउन सकिँदैन। त्यसैले चालु आर्थिक वर्ष २०८३/८४ मा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएका छौं ।" उनका अनुसार प्रदेशका पर्यटकीय क्षेत्रको पहिचान, स्तरोन्नति तथा बढीभन्दा बढी पर्यटक आकर्षित गर्ने कार्यक्रम पनि सञ्चालन गरिनेछ। साथै औद्योगिक पूर्वाधार विकास, कृषि उपजमा आधारित उद्योग स्थापना, साना तथा मझौला उद्यम प्रवर्द्धन, सीमावर्ती व्यापार व्यवस्थापन तथा लगानीकर्तालाई प्रशासनिक सहजीकरण उपलब्ध गराउने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको छ। कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास, पर्यटन प्रवर्द्धन, सीमा व्यापार व्यवस्थापन, लगानीमैत्री कानुनी वातावरण निर्माण तथा निजी क्षेत्रसँगको साझेदारी मार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उनले बताए ।

मधेस प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा भोगेन्द्र झाले लगानी सम्मेलनजस्ता कार्यक्रमले प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सकारात्मक भूमिका खेल्ने बताए । उनले लगानी प्रतिबद्धतालाई वास्तविक परियोजनामा रूपान्तरण गर्न्, उद्योग सञ्चालनका कानुनी तथा प्रशासनिक प्रक्रिया सरल बनाउनु तथा निजी क्षेत्रसँग नियमित संवाद आवश्यक रहेको औँल्याए ।


## तथ्यमा आधारित, समावेशी तथा आचारसंहिता अनुरूपको पत्रकारिता आवश्यक




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ३ श्रावण

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकार सुनिश्चित गर्न सञ्चारमाध्यम र सञ्चारकर्मीको भूमिका महत्वपूर्ण रहेकोमा सरोकारवालाले जोड दिएका छन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको महासंघ नेपालद्वारा शनिबार जनकपुरधाममा आयोजित 'समुदायको कानुनी अधिकार तथा राजनीतिक सहभागितामा सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताले समुदायप्रति समाजमा रहेका गलत धारणा, विभेद र पूर्वाग्रह हटाउन तथ्यमा आधारित, समावेशी तथा आचारसंहिता अनुरूपको पत्रकारिता आवश्यक रहेको बताएका हुन् । वक्ताहरूले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले शिक्षा, स्वास्थ्य, रोजगारी तथा सार्वजनिक सेवामा अझै पनि विभेद र चुनौतीको सामना गरिरहेको उल्लेख गर्दै सञ्चारमाध्यमले समुदायका मुद्दालाई प्राथमिकताका साथ उठान गरी उहाँहरूको आवाज नीति निर्माण तहसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने धारणा राखेका थिए ।

प्राइड प्रोजेक्टका कार्यक्रम संयोजक सिमरन शेरचनले समुदायका अधिकार सुनिश्चित गर्न सञ्चारमाध्यमको भूमिका निर्णायक हुने बताउनुभयो। समान नागरिकका रूपमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न सञ्चारकर्मीले निरन्तर आवाज उठाउनुपर्ने उहाँको भनाइ थियो । आगामी निर्वाचनमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अर्थपूर्ण राजनीतिक सहभागिता सुनिश्चित गर्न सार्वजनिक बहस सिर्जना गर्न सञ्चारमाध्यमको भूमिका आवश्यक रहेको उहाँले बताउनुभयो । स्थानीय साझेदार संस्था सुनौलो विहानी समाजका प्रतिनिधि प्रदीप यादवले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मुद्दाले सञ्चारमाध्यममा अपेक्षाअनुसार स्थान नपाएको बताउनुभयो ।


## सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका विषय एकिन गरौं :
- उत्पादनको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय………………

# अधिकार कार्यान्वयन गर

*नेपालको संविधानले स्थानीय र प्रदेश सरकारलाई दिएको अधिकार पूर्णरूपमा कार्यान्वयन हुन नसक्दा प्रदेश सरकारहरू अझै पनि केन्द्रको निर्णयमा निर्भर रहको देखिन्छ । यसले संघीयताको मर्मलाई कमजोर बनाएको अनुभूति मधेसमा व्यापक रहेको देखिन्छ । यसको समाधान दिनुभन्दा यो सरकारले झन् कमजोर बनाउने हो कि भन्ने चिन्ता आमरूपमा बढेका छन । राजनीतिक समाधानका रूपमा मधेसका मुद्दाहरू आजसम्म राष्ट्रिय बहसको केन्द्रमा आउन सकेको छैन । जातीय र क्षेत्रीय रूपमा हेप्ने र ओझेलमा पार्ने प्रवृत्ति कायमै रहेको देखिन्छ। पटक-पटक सत्ता समीकरण फेरिए पनि मधेसका आधारभूत मागहरू पुरानै अवस्थामा रहेको देखिन्छ । यसले मधेसी नागरिकमा निराशा बढ्दै गएको देखिन्छ। यद्यपि, सरकारका सबै कामलाई पूर्णरूपमा असफल भन्न मिल्दैन । केही क्षेत्रमा प्रशासनिक सुधार, सेवा प्रवाहलाई प्रभावकारी बनाउने प्रयास र सुशासनका विषयमा देखिएको प्रतिवद्धता सकारात्मक रहेको छ । तर, प्रतिबद्धतामात्र पर्याप्त हुँदैन, त्यसको परिणाम जनताले प्रत्यक्ष अनुभूति गर्नुपर्छ । सरकारले आगामी दिनमा मधेसलाई केवल भोट-ब्यांकका रूपमा होइन, राष्ट्रिय समृद्धिको महत्वपूर्ण आधारका रूपमा हेर्नुपर्ने देखिन्छ ।*

*अन्तमा मधेश प्रदेश सरकारले कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, सीमा व्यवस्थापन, पूर्वाधार, रोजगारी र संघीयताको प्रभावकारी कार्यान्वयनलाई विशेष प्राथमिकता दिन आवश्यक रहेको देखिन्छ। साथै, मधेससँग सम्बन्धित ऐतिहासिक तथा राजनीतिक मुद्दाहरू समाधान गर्न संवाद र सहकार्यको वातावरण निर्माण गर्नुपर्छ ।*

# सार्वजनिक बाटोमा पक्की पर्खाल निर्माण गरिएपछि ५० भन्दा बढी घरपरिवारलाई समस्या

जलेश्वरटुडे समाचारदाता
धनुषा, ३ श्रावण

धनुषाको कमला नगरपालिका-४ स्थित बरेबा गाउँमा पाँच दशकभन्दा बढी समयदेखि स्थानीय बासिन्दाले प्रयोग गर्दै आएको सार्वजनिक बाटोमा पक्की पर्खाल निर्माण गरिएपछि ५० भन्दा बढी घरपरिवारलाई आवतजावतमा कठिनाइ भएको छ ।




स्थानीयका अनुसार पूर्वप्रधानपञ्च रामउद्गार यादवले बाटो बन्द हुने गरी पर्खाल निर्माण गर्नुभएको हो । स्थानीय सितेश यादवले बरेबा गाउँ प्रवेश गर्ने मुख्य बाटोमै पर्खाल निर्माण गरिएकाले पर्खालभन्दा उत्तरतर्फका बासिन्दालाई घरसम्म पुग्न समस्या भइरहेको बताउनुभयो । उहाँले सो बाटो औपचारिक रूपमा नक्सामा कायम नभए पनि वर्षौंदेखि करिब नौ फिट चौडाइको सार्वजनिक बाटोका रूपमा स्थानीयले प्रयोग गर्दै आइरहेको जानकारी दिनुभयो । अर्का स्थानीय जोगिन्द्र यादवले करिब पाँच दशकदेखि प्रयोग हुँदै आएको सार्वजनिक बाटो मिचेर घर निर्माणका लागि पर्खाल लगाएपछि स्थानीयलाई आवतजावत गर्न समस्या भएको बताउनुभयो। उहाँले चार दिनअघि पर्खाल निर्माण गरिएको बताउँदै पर्खालभन्दा उत्तरतर्फका बासिन्दालाई दैनिक उपभोग्य सामग्री ओसारपसार गर्न, बालबालिकालाई विद्यालय पठाउन र बिरामीलाई अस्पताल लैजानसमेत कठिनाइ भइरहेको जानकारी दिनुभयो ।

उहाँले वर्षौंदेखि प्रयोग हुँदै आएको सार्वजनिक बाटो बन्द हुँदा दैनिक जनजीवन प्रभावित भएको भन्दै तत्काल बाटो खुलाउने व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गर्नुभयो ।

# ८० मिटर अग्लो नेपाल टेलिकमको टावरमा चढेका युवकको सकुशल उद्धार

जलेश्वरटुडे समाचारदाता
सर्लाही, ३ श्रावण

सर्लाही सदरमुकाम मलङ्गवामा आइतबार ८० मिटर अग्लो नेपाल टेलिकमको टावरमा चढेका युवकको सकुशल उद्धार गरिएको छ ।



मलङ्गवा नगरपालिका-९, स्थित टेलिकमको टावरमा चढेका गोडैता नगरपालिका-९, बकैनियाका २४ वर्षीय अफसर आलम हुसैनलाई परिवारका सदस्य र प्रहरीले सम्झाइबुझाइ गरी तल ओराल्न सफल भएका हुन्। युवकलाई प्रादेशिक अस्पताल मलङ्गवामा सामान्य स्वास्थ्य परीक्षणपछि परिवारले बुझेर लगेका जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त प्रवक्ता एवं प्रहरी निरीक्षक गणेश पाण्डेले जानकारी दिनुभयो ।

आइतबार बिहान ५ बजेतिर दुई युवक आएर आफूहरुको साथी टावरमाथि चढेको छ भन्ने सूचना दिएपछि मात्र घटनबारे जानकारी भएको नेपाल टेलिकम कार्यालय मलङ्गवाका प्रमुख सधुघनकुमार यादवले बताउनुभयो ।

प्रहरीले प्रारम्भिक अनुसन्धान गर्दा सर्लाही क्याम्पस मलङ्गवामा स्नातक तहमा अध्ययनरत अफसर गाउँकै एक युवतीसँग विवाह गर्न पाऊँ भन्दै टावरमा चढेका हुन् । उहाँलाई आइतबार बिहानैदेखि टेलिकमका कर्मचारी र प्रहरीले सम्झाइबुझाइ गरी तल ओराल्न खोजे पनि आफूले विवाह गर्न इच्छाएको युवतीलाई बोलाइदिन माग गर्नुभएको थियो ।

टेलिकमका कर्मचारी र प्रहरीले बारम्बार आग्रह गर्दा पनि युवक टावरबाट तल झर्न नमानेपछि अन्तिममा बुवा, आमालाई बोलाइएको थियो। बुवा, आमा आएपछि भने युवक बिहान ९ बजेतिर आफै टावरबाट तल झरेका प्रहरीले जनाएको छ ।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: लामो यात्राको योग छ
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: खानपानमा समस्या आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अमेरिकाको चुनावमा चीनले हस्तक्षेप गरेको ट्रम्पको दाबी कति तथ्यपरक छ ?



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ श्रावण**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२० को राष्ट्रपति निर्वाचनमा धाँधली भएको दाबी पुनः दोहोऱ्याएका छन् ।

यसपटक उनले चीनको षड्यन्त्रका कारण आफु पराजित भएको दाबी गरेका छन्। बिहीबार राति टेलिभिजनमार्फत गरिएको एक विशेष सम्बोधनमा ट्रम्पले भर्खरै सार्वजनिक गरिएका गोप्य दस्तावेजहरुले विदेशी हस्तक्षेपको पुष्टि गरेको दाबी गरे । यद्यपि, अमेरिकी गुप्तचर निकायहरूले यसअघि नै यस्तो कुनै हस्तक्षेप नभएको निष्कर्ष सार्वजनिक गरेका थिए । चीनले वर्षौं लगाएर २२ करोड अमेरिकी मतदाताको व्यक्तिगत विवरण अवैध रूपमा संकलन गरेको आरोप ट्रम्पले लगाए। चीनले २०१८ को मध्यवधि चुनाव र २०२० को राष्ट्रपति चुनावमा रिपब्लिकनहरूलाई हराउन र आफ्नो छवि बिगार्न हस्तक्षेप गरेको उनको आरोप छ।

ट्रम्पले २०२० को निर्वाचन नतिजा चोरी भएको आरोप लगाउँदै आएका छन्। उनको यही दाबीबाट प्रेरित भएर २०२१, जनवरी ६ मा क्यापिटल हिल ( अमेरिकी संसद् भवन) मा उग्र समर्थकहरुले हिंसा निम्त्याएका थिए । हाल उनी कडा मतदाता परिचयपत्र सम्बन्धी कानुन पारित गराउन लागिपरेका छन् । यसलाई उनका समर्थकहरुले 'सेभ अमेरिका एक्ट' नाम दिएका छन्। यो कानुनले मतदातामाथि कडा परिचयपत्र नियम लागू गर्ने र निर्वाचनमा संघीय सरकारको हस्तक्षेप बढाउने उद्देश्य राखेको छ। तल्लो सदनबाट पारित भए पनि माथिल्लो सदन ( सिनेट) मा विपक्षी डेमोक्रेटिक पार्टीका सिनेटरहरुको विरोधका कारण यो विधेयक रोकिएको छ ।

ट्रम्पले सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गर्ने तयारी गरिरहेका छन् । ट्रम्पले थालेको व्यापार युद्धका कारण निकै तनावपूर्ण बनेको दुई देशीय सम्बन्ध मे महिनाको मध्यमा ट्रम्पले बेइजिङ भ्रमण गरेपछि केही मत्थर भएको थियो । सेप्टेम्बरमा सी वासिङटन आउने कार्यक्रम छ । आधिकारीक प्रतिवेदन र ट्रम्पको प्रतिबेदन फरक : सन् २०२१ मा जारी भएको आधिकारिक अमेरिकी गुप्तचर प्रतिवेदनमा २०२० को निर्वाचनमा चीनले हस्तक्षेप प्रयास गर्नेबारे विचार गरेको उल्लेख छ । तर, अन्त्यमा कुनै पनि हस्तक्षेप नगरेको यस प्रतिवेदनको निष्कर्ष छ । जबकि, रुस, इरानलगायत देशहरुले हस्तक्षेपको प्रयास गरेको प्रतिवेदनमा उल्लेख छ ।

# राजस्थान रोयल्स सेटलमेन्ट विवादमा राज कुन्द्रालाई झट्का, लन्डन उच्च अदालतद्वारा ५० लाख डलर फिर्ता गर्न आदेश

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ श्रावण**



इन्डियन प्रिमियर लिग (आईपीएल) टोली राजस्थान रोयल्ससँग सम्बन्धित पुरानो कानुनी विवादमा व्यवसायी राज कुन्द्रालाई ठूलो झट्का लागेको छ । बेलायतको लन्डन उच्च अदालतले सन् २०१९ मा भएको गोप्य सेटलमेन्ट सम्झौताको बारम्बार उल्लङ्घन गरेको ठहर गर्दै उनलाई करिब ४९ लाख ३८ हजार अमेरिकी डलर (झन्डै ४१ करोड भारतीय रुपैयाँभन्दा बढी) ब्याजसहित फिर्ता गर्न आदेश दिएको छ । अदालतले राज कुन्द्रामाथि भारतमा यसै विवादसँग सम्बन्धित कुनै नयाँ मुद्दा दायर गर्न पनि स्थायी रूपमा रोक लगाएको छ ।

जुलाई १६ मा न्यायाधीश ग्रिफिथ्सले इमर्जिङ मिडिया भेन्चर्स (ईएमभी) र त्यसका मालिक मनोज बडालेको पक्षमा फैसला सुनाएका हुन् । अदालतले कुन्द्राले इमेल, सामाजिक सञ्जाल र अन्य सार्वजनिक अभिव्यक्तिमार्फत राजस्थान रोयल्सका सञ्चालकमाथि धोखाधडीको आरोप लगाउँदै सम्झौताका सर्त उल्लङ्घन गरेको निष्कर्ष निकालेको छ। अदालतका अनुसार दुवै पक्षले कानुनी परामर्शपछि एकअर्काविरुद्ध सार्वजनिक रूपमा टिप्पणी नगर्ने तथा थप कानुनी विवाद नउठाउने सर्तसहित सम्झौता गरेका थिए। त्यसैले उक्त सम्झौताको पालना अनिवार्य हुने अदालतले स्पष्ट पारेको छ। राज कुन्द्राको राजस्थान रोयल्ससँगको सम्बन्ध सन् २००९ मा सुरु भएको थियो । त्यतिबेला उनको कम्पनी 'कुकी इन्भेस्टमेन्ट्स'ले टोलीको होल्डिङ कम्पनीमा ११ दशमलव ७ प्रतिशत अप्रत्यक्ष हिस्सेदारी खरिद गरेको थियो। तर सन् २०१५ मा भारतको सर्वोच्च अदालतले आईपीएल सट्टेबाजी प्रकरणमा कुन्द्रालाई दोषी ठहर गरेपछि उनले आफ्नो हिस्सेदारी त्याग्नुपरेको थियो । त्यसपछि शेयर हस्तान्तरण सम्झौतामार्फत उनको स्वामित्व अन्य शेयरधनीलाई हस्तान्तरण गरिएको थियो । पछि उत्पन्न विवाद अन्त्य गर्न सन् २०१९ को जुलाईमा गोप्य सेटलमेन्ट सम्झौता भएको थियो। उक्त सम्झौताअनुसार ईएमभीले राज कुन्द्रालाई ४९ लाख ३७ हजार ८८७ अमेरिकी डलर भुक्तानी गरेको थियो । बदलामा कुन्द्राले राजस्थान रोयल्समा अब कुनै अधिकार दाबी नगर्ने, थप कानुनी कारबाही नगर्ने र फ्रेन्चाइज वा त्यसका सञ्चालकको प्रतिष्ठामा असर पुग्ने सार्वजनिक अभिव्यक्ति नदिने सहमति जनाएका थिए । सम्झौतामा सर्त उल्लङ्घन भए सम्पूर्ण रकम फिर्ता गर्नुपर्ने व्यवस्था पनि समावेश गरिएको थियो ।












# मिटरब्याज पीडितसँगको सहमति पूर्ण कार्यान्वयन गर

-मिटरब्याज पीडितसँग भएको पछिल्लो सहमतिले सकारात्मक सन्देश दिएको छ र यसको पूर्ण कार्यान्वयन भएमा समाजका तल्लो वर्गले राहत पाउनेछन्। सरकारले मिटरब्याजलाई आर्थिक अपराध घोषणा गर्दै नयाँ कानुन र न्यायाधिकरण गठनको तयारी गरेको छ, जसले पीडितको सम्पत्ति फिर्ता र क्षतिपूर्तिको व्यवस्था गर्नेछ । मिटरब्याजको समस्या समाधानका लागि सहमतिको प्रभावकारी कार्यान्वयन र वित्तीय साक्षरता अभिवृद्धि अपरिहार्य छ ।

आर्थिक व्यवस्थापनका लागि ऋण लिनु-दिनु नेपाली समाजमा स्वाभाविक प्रचलन भए पनि त्यसको नैतिक मानक हुन्छ । बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने र भुक्तानी गर्ने विषय र प्रक्रियाका बारेमा त पूर्वनिर्धारित सार्वजनिक जानकारी, प्रक्रिया र कानुनी समाधानको विषय उल्लेख पनि हुन्छ । तर, व्यक्ति-व्यक्तिबीच हुने कारोबारमा भने धेरै विषय आवश्यकता र विश्वासले निर्धारण गर्छ । त्यसको पनि तार्किक दायरा भने हुनुपर्छ। तर, 'मिटरब्याज' यस्तो पासो बनेको छ, जसले समाजका निमुखा वर्गलाई कहिल्यै उकासिन नसकिने गरी खाडलमा जाकेको छ । 'मिटरब्याज' नामको वित्तीय अपराधको अन्त्यका लागि बलियो कानुनी र प्रशासनिक पहलकदमी आवश्यक छ । २५ असारदेखि सुरु भएको मिटरब्याजपीडितको पछिल्लो 'पैदल न्याय मार्च' लाई रोक्ने गरी भएको सहमतिले सकारात्मक सन्देश दिएको छ । १ साउनमा सरकार र मिटरब्याजपीडितबीच भएको सहमति कार्यान्वयन हुन सकेमा समाजका तल्लो वर्गले राहत पाउनेछन् । ऋण दिने बेलामा ऋणीको बाध्यताको फाइदा उठाउँदै दाताले राख्ने सर्त र तयार गर्ने कागजातबाटै मिटरब्याजको चक्र सुरु हुन्छ। वैधानिक रूपमा प्रचलितभन्दा कैयौं गुना बढी ब्याजदर तय गर्ने, चक्रीय ब्याजदर (ब्याज रकमको पनि ब्याज) लागू गर्ने, ऋण लिएकोभन्दा बढी रकमको तमसुक बनाउने तथा ऋणीको जग्गा आफ्नो नाममा राख्न बाध्य बनाउने जस्ता काम गरिन्छ । २५ असारदेखि सुरु भएको मिटरब्याजपीडितको पछिल्लो 'पैदल न्याय मार्च' लाई रोक्ने गरी भएको सहमतिले सकारात्मक सन्देश दिएको छ । १ साउनमा सरकार र मिटरब्याजपीडितबीच भएको सहमति कार्यान्वयन हुन सकेमा समाजका तल्लो वर्गले राहत पाउनेछन् ।ऋणीको बाध्यता र अज्ञानताको फाइदा ऋणदाताले उठाउँछन् । जब ऋण दिइन्छ, ब्याजको रकम 'मिटर जस्तै' घुम्ने गर्छ। उसै कमजोर आर्थिक र शैक्षिक योग्यता भएका ऋणी ब्याजको दरले थिचिन्छन्। साँबाको कैयौं गुना रकम तिरिसक्दा पनि ऋण पूरा भएको मानिँदैन । चल-अचल सम्पत्ति ऋणदाताकोमा बुझाउन बाध्य हुन्छन् । मिटरब्याजमा ऋण लिई वैदेशिक रोजगारीमा गएर कमाएको अधिकांश पैसा ऋणदातालाई बुझाउँदासमेत ऋणबाट मुक्त हुन नसकेका उदाहरण पनि समाजमा छन्। पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्मका मिटरब्याजपीडित आफूमाथिको वित्तीय अपराधबाट मुक्ति पाउनका लागि काठमाडौंसम्म पैदल आउने गरेका थिए। महिनौंसम्म काठमाडौंमा धर्ना दिएपछि सरकारसँग सहमति हुने गरेको थियो । जस्तो कि, १ असोज २०७९ मा पाँचबुँदे तथा २८ फागुन २०८० मा चारबुँदे सहमति भइसकेको थियो । यसबीचमा सरकारले मिटरब्याजपीडितको समस्या समाधानका लागि गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग पनि गठन गरेको थियो ।

तर, मिटरब्याजपीडितका समस्या पूर्ण रूपमा अन्त्य भएन । त्यसैले पनि २५ असारमा धनुषाको जनकपुरस्थित तृतियागाछीबाट मिटरब्याजपीडितले 'पैदल न्याय मार्च' सुरु गरेका थिए। यस पटक राम्रो के भइदियो भने, सरकारले उनीहरूलाई निजगढमै रोक्यो । प्रारम्भिक सहमति त्यहीं गर्‍यो । अन्तिम वार्ता काठमाडौंमा आएर सहमति पनि भयो । सरकारको सक्रियताले पीडितको दुःख धेरै हदसम्म न्यूनीकरण हुन सक्छ भन्ने उदाहरणका रूपमा यो सन्दर्भलाई लिन सकिन्छ। १ साउनमा भएको सहमतिअनुसार सरकारले मिटरब्याजलाई आर्थिक अपराधका रूपमा घोषणा गर्दै यसको पूर्ण उन्मूलनको प्रस्ताव आगामी मन्त्रिपरिषद् बैठकमा लैजानेछ । प्रस्ताव स्वीकृत भएपछि फर्जी तमसुक, दृष्टिबन्धक, छिनुवा पास तथा बाध्यकारी चेकजस्ता लिखत स्वतः अवैध र खारेज हुने उल्लेख छ । गृह मन्त्रालयले तीन महिनाभित्र मिटरब्याज नियन्त्रणसम्बन्धी विशेष ऐनको मस्यौदा तयार गर्नेछ । प्रस्तावित ऐनमा मिटरब्याजसम्बन्धी मुद्दा हेर्न छुट्टै न्यायाधिकरण गठन, पीडितको सम्पत्ति फिर्ता गराउने तथा उचित क्षतिपूर्तिको व्यवस्था समेटिनेछ । सहमतिअनुसार वडा कार्यालयमार्फत हुने ऋण लेनदेन प्रमाणीकरणमा रकमको वैधानिक स्रोत र बैंकिङ कारोबारको प्रमाण अनिवार्य गरिनेछ । नयाँ कानुनमा वास्तविकभन्दा बढी रकमको कागज बनाउने, ब्याजलाई साँबामा जोड्ने, ऋणीलाई भर्पाइ नदिने, चर्को ब्याज असुल्ने, धम्की दिने, शारीरिक वा मानसिक शोषण गर्ने, खाली चेक वा कागजमा जबर्जस्ती सही गराउने तथा सम्पत्ति हत्याउने कार्यलाई अपराधका रूपमा परिभाषित गरिनेछ । यतिबेला विगतलाई फर्किएर हेर्ने हो भने विगतमा पनि मिटरब्याजपीडित आन्दोलित भएका थिए र सहमति पनि भएको थियो ।




तर, तिनको पूर्ण कार्यान्वयन हुन सकेन । मिटरब्याज लगाउनेहरू स्थापित दलका कार्यकर्ता हुने वा समाजका प्रभावशाली व्यक्ति हुने गरेका कारण सरकार, राजनीतिक दल तथा प्रशासनले बलियो कदम चाल्न सकेको थिएन । अर्कोतर्फ, कानुनी संरचना र सरकारको दृढतामा पनि कमजोरी थिए । यतिबेला बलियो सरकार गठन भएको छ। परम्परागत राजनीतिक दल र उनीहरूको संरचना कमजोर बनेको छ। त्यसैले पनि सहमतिको प्रभावकारी कार्यान्वयन हुने र मिटरब्याजको पासो सधैंका लागि अन्त्य हुने अपेक्षा छ । मिटरब्याजको दुःख आर्थिक खाडलमा फस्नुसँग मात्रै सम्बन्धित छैन। यो शारीरिक, मानसिक र यौन हिंसासँग पनि जोडिएको छ। जस्तो कि, उपचारका लागि ऋण लिएको पाँच लाख रुपैयाँको साँबा र ब्याज एकमुष्ट तिर्न नसक्दा ललितपुरकी एक महिलालाई यौन शोषण गर्दै घरजग्गा हडपेको खुलासा भएपछि मिटरब्याजीलाई प्रहरीले साउन २०८० मा पक्राउ गरेको थियो । यस्ता धेरै घटना विगतमा सार्वजनिक भइसकेका छन् । त्यसैले पनि सहमतिको पूर्ण पालना र मिटरब्याजपीडितको सुरक्षित र सम्मानित जीवनयापनका लागि सरकारको सहयोग अनिवार्य छ । अर्कोतर्फ, आर्थिक कारोबार तथा ऋण प्राप्ति तर तिर्ने प्रक्रियालाई पनि सहजीकरण गरिनुपर्छ । किनकि, मिटरब्याजलाई आर्थिक अपराध मानिए पनि मानिसको आर्थिक आवश्यकता अन्त्य हुने होइन ।

साभार : कान्तिपुर ।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश






अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश






अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday